नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ललितपुर

फोन नं.: ०१-५५२११६५, ५५५२८४४
फ्याक्स ०१-५५२३०५१, ५५५५४७५
इमेल: daolalitpur5@gmail.com
वेबसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्याः
चलानी नं.:

मितिः २०७८/०१/२७

## जिल्ला प्रशासन कार्यालय ललितपुरको अत्यन्त जरुरी सूचना !

विश्वभरी फैलिदैं गईरहेको नयाँ भेरियन्टको कोभड-१९ महामारी नेपालमा समेत फैलिएको र पछिल्ला दिनहरुमा काठमाडौं उपत्यकामा समेत संक्रमण तीव्ररुपमा बढिरहेको हुँदा उक्त संक्रमणको रोकथाम, नियन्त्रण, उपचार र व्यवस्थापनको लागि विभिन्न प्रयासहरु हुदै आएको व्यहोरा सबैमा अवगत नै छ । पछिल्लो समय अक्सिजनको सपोर्ट आवश्यक पर्ने कोभिड–१९ को संक्रमित बिरामीहरुको संख्या बढिरहेको तर अक्सिजन सिलिण्डरको आपूर्ति बढ्न नसकेको विद्यमान अवस्थामा अक्सिजन सिलिण्डरको अनावश्यक होल्ड गर्ने परिपार्टीलाई निरुत्साहन गर्नुपर्ने भएको हुँदा सबै अक्सिजन उद्योगहरुले उत्पादन गरेको अक्सिजन अस्पतालहरुको माग र अत्यावश्यकतालाई विचार गरी समानुपातिक रुपमा उपलव्ध गराउने र अस्पताल वाहेक अन्य व्यक्ति वा संस्थाको हकमा अक्सिजन सिलिण्डर अति आवश्यक परेको खण्डमा प्रमुख जिल्ला अधिकारीको सिफारिसमा मात्र अक्सिजन उद्योगहरुबाट उपलव्ध गराउने भनी मिति २०७८/०१/२५ को कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र (CCMC) को बैठक तथा मिति २०७८/०१/२६ को कोभिड-१९ जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट निर्णय भएकोले सोहि अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैमा अनुरोध छ ।यस विपरित कतिपय स्थानमा केही व्यक्तिहरुले उद्योगहरुलाई अनावश्यक दवाव दिई एवं जोरजबर्जस्ती गरी आफुखुसी अक्सिजन सिलिण्डर भर्न खोजेको भनी गुनसो प्राप्त भएकोले त्यस्तो नगर्न/नगराउन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ । अन्यथा प्रचलित कानून बमोजिम कारवाही हुने ब्यहोरा जानकारी गराइन्छ ।

०७८/१/२६

ललितकुमार बस्नेत
निमित्त प्रमुख जिल्ला अधिकारी